आकाशवाणी

- प्रधानमन्त्रीले अमरीकाका पूर्व राष्ट्रपतिको निधनमा व्यक्त गर्नुभयो शोक
- भारतले पहिलो पल्ट विश्व श्रव्य- दृश्य मनोरञ्जन शिखर सम्मेलन – **वेव्सको** गर्नेछ आयोजना
- केन्द्रिय गृहमन्त्री श्री अमित शाह गुजरातको दुई दिने यात्रामा
- केन्द्रीय वित्त मन्त्रीले आगामी आम बजेटको पाँचौँ बजेट पूर्व परामर्श बैठकको गर्नुभयो अध्यक्षता ,अनि
- दक्षिण कोरिया विमान दुर्घटनामा, एक सय उनासी जनाको मृत्यु भएको पुष्टि

**प्रधानमन्त्री जिमी कार्टर**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले अमरीकाका पूर्व राष्ट्रपति श्री जिमी कार्टरको निधनमा शोक व्यक्त गर्नुभयो । आज सोशल मीडिया पोस्टमा प्रधानमन्त्रीले श्री कार्टरलाई महान दूरदर्शी नेता बताउनुभयो । श्री मोदीले भन्नुभयो, श्री कार्टरले वैश्विक शान्ति र सद्भावनाका लागि अथक कार्य गरिरहनुभयो र भारत अमरीका सम्बन्धलाई प्रगाढ बनाउनमा उहाँको योगदान लामो समय सम्म याद रहनेछ।

**पीएम वेब समिट**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भन्नुभएको छ, अगिलो वर्ष भारतले पहिलो पल्ट विश्व श्रव्य-दृश्य मनोरञ्जन शिखर सम्मेलन – **वेव्सको** आयोजना गर्नेछ । हिजो आकाशवाणीबाट मन की बात कार्यक्रममा प्रधानमन्त्रीले भन्नुभयो, भारतको रचनात्मक प्रतिभालाई विश्व समक्ष राख्ने यो महत्वपूर्ण अवसर हुनेछ। मीडिया र मनोरञ्जन उद्योग प्रमुख व्यक्तित्वका साथ समग्र विश्वको रचनात्मक प्रतिभा यस अवसरमा भारतमा एकत्र हुनेछ। श्री मोदीले भन्नुभयो, यो शिखर सम्मेलन भारतलाई वैश्विक कन्टेन्ट क्रिएशन केन्द्र बनाउने दिशामा महत्वपूर्ण पहल प्रमाणित हुनेछ। प्रधानमन्त्रीले भन्नुभयो, वेव्सको तयारीमा युवा सर्जकको महत्वपूर्ण भूमिका हुन्छ र यसले भारतको रचनात्मक समुदायको प्रतिभालाई प्रदर्शन गर्नेछ। श्री मोदीले देशका युवाहरूको उत्साह र सर्जनात्मक अर्थव्यवस्थामा उनीहरूको योगदानको सराहना गर्नुभयो भने यसलाई भारतको पचास खरब डलरको अर्थव्यवस्था बन्ने दिशामा महत्वपूर्ण बताउनुभयो ।

**गुजरात- अमित शाह दौरा**

केन्द्रिय गृहमन्त्री श्री अमित शाह गुजरातको दुई दिने यात्रामा हुनुहुन्छ। आज उहाँले वलसाढ जिलाको धर्मपुरमा श्रीमद् राजचन्द्र मिशनको वार्षिक समारोहको समापन अनुष्ठान महा **मस्तकाभिषेकमा** भाग लिनुभयो । श्री शाह आज दिउसो अहमदाबादबाट धर्मपुर पुग्नुभयो र यस धार्मिक समारोहमा भाग लिनुभयो । समारोहमा गुजरातका वित्त र ऊर्जा मन्त्री श्री कनु भाई देसाई र गृह राज्य मन्त्री श्री हर्ष साउघवी पनि उपस्थित हुनुहुनथ्यो ।

**संशो. निर्मला-बजट पूर्व बैठक**

केन्द्रीय वित्त र करपोरेट कार्यमन्त्री श्रीमती निर्मला सीतारामनले आज नयाँ दिल्लीमा आगामी आम बजेट- दुई हजार पचीस – छबीसको पाँचौँ बजेट पूर्व परामर्श बैठकको अध्यक्षता

गर्नुभयो। **यस बैठकमा वित्त, निवेश र सार्वजनिक परिसम्पत्ति प्रबन्धन, आर्थिक कार्य सहित केही विभागका सचिव**, उद्योग र आन्तरिक व्यापार संवर्धन विभाग तथा केन्द्र सरकारका मुख्य आर्थिक सलाहकारको पनि उपस्थिति रहेको थियो। वित्त वर्ष दुई हजार पचीस – छब्बीसका लागि केन्द्रीय बजेट एक फरवरी दुई हजार पचीसमा संसदमा पेश गरिने आशा छ। यो वित्तमन्त्री श्रीमती सीतारामनको लगातार आठौँ बजेट हुनेछ।

**गाना विधानसभा**
तेलंगाना विधानसभाले आज पूर्व प्रधानमन्त्री डा मनमोहन सिंहलाई श्रद्धान्जलि अर्पण गऱ्यो। एउटा विशेष सत्रमा आज विधायकहरूले केन्द्रलाई डा. मनमोहन सिंहलाई भारत रत्नले सम्मानित गर्ने आग्रह गर्नुभयो भने छुट्टै तेलंगाना राज्यको गठनमा महत्वपूर्ण भूमिका निभाउन्नका लागि हाइदराबादमा डा. मनमोहन सिंहको प्रतिमा स्थापित गर्ने संकल्प लिनुभयो। विधायकहरूले यसका लागि सरकारको प्रस्तावलाई समर्थन दिए। संवेदना प्रस्तावलाई अघि बढाउदै मुख्यमन्त्री श्री , **ए रेवन्त रेड्डीले** डा. मनमोहन सिंहलाई एक दूरदर्शी अर्थशास्त्री र नेताका रूपमा याद गर्नुभयो। उहाँले उदारीकरण, निजीकरण र वैश्विकरणका माध्यमले भारतको अर्थव्यवस्थालाई परिवर्तन गर्नमा पूर्व प्रधानमन्त्रीको महत्वपूर्ण भूमिकाको पनि उल्लेख गर्नुभयो।

**समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ।**

**भारत-वैश्विक वृद्धि**
भारतको विदेशी मुद्रा भण्डारले ,असाधारण वृद्धि दर्ता गर्दै सात सय बिलियन अमरीकी डलरको आंकड़ा पार गरेको छ। । यसले भारत विश्वमा चौथो स्थानमा पुगेको छ। दुई हजार चौध देखी दुई हजार चौबीसको दशकमा कुल प्रत्यक्ष विदेशी निवेश लगभग सात सय नौँ बिलियन डलरको भएको थियो। हाम्रा संवाददाताले बताए अनुसार, वैश्विक प्रतिस्पर्धी सूचकांकमा दुई हजार चौधको एकहत्तरौं स्थानदेखी भारत, दुई हजार अठारहमा अनन्चालीसौं स्थानमा पुगेको छ। यस बुनियादी ढाँचाले, बाजारको आकार र नवाचारमा वृद्धिलाई दर्शाउँछ।

**दक्षिण कोरिया-विमान दुर्घटना**
दक्षिण कोरिया विमान दुर्घटना हुनुमा चरा ठोकीएको कुरा अघी आएको छ। अधिकारीहरूले बताएका छन् , हवाई यातायात नियन्त्रकले दुर्घटना भन्दा केही मिनट अघि विमान पक्षी संग ठोकिए बारे चेतावनी दिएका थिए। चालक दलमा जीवित बाचेका सदस्यमा एकले पनि पक्षी ठोकिएको कुरा गरेका थिए, भने अहिले पनि दुर्घटनाको वास्तविक कारणको जाँच चलिरहेको छ। दक्षिण कोरिया विमान दुर्घटनामा, **जेजू एयरको** उड़ानमा सवार भएका एक सय एकासी जनामा एक सय उनासी जनाको मृत्यु भएको पुष्टि भएको छ। मृतकमा सबै एक सय पचहत्तर जना यात्री र चालक दलका चार सदस्य शामेल थिए। चालक दलका दुई सदस्यलाई बचाइएको छ भने दक्षिण कोरियाका कार्यवाहक राष्ट्रपति **श्री चोई सांग-मोक-ले** विमान

दुर्घटनाका कारण चार जनवरी सम्म  राष्ट्रीय शोकको घोषणा गर्नुभएको छ। यो आपदा त्यस समय आएको हो जब, बोइंग सात तिन सात –आठ सुन्य सुन्य  विमान हिजो बिहान मुआन अन्तर्राष्ट्रीय हवाई अड्डा उत्रीदै थियो ।

**संशो पंजाब बन्द**

पंजाबमा किसानहरूलाई एक दिने बंदमा पूरा समर्थन मिलेको छ । किसानहरूले आफ्नो फसलका लागि न्यूनतम समर्थन मूल्यको कानूनी ग्यारेन्टीको मांग गर्दै बंदको आह्वान गरेका छन् । राज्यका केही स्थानमा रेल र सड़क यातायात बाधित छ  र व्यावसायिक प्रतिष्ठान पनि बन्द  छ । पुलिस सूत्रका अनुसार, अहीले सम्म राज्यमा कुनै अप्रिय घटनाको सूचना मिलेको छैन। फिरोजपुर मण्डल रेल प्रबन्धक कार्यालयले हाम्रा संवाददातालाई बताए अनुसार, दुई सय भन्दा अधिक रेलगाडीहरू  रद्द गरिएको छ, जसमा केही रेल गाडीहरूको मार्ग परिवर्तन गरिएको छ र केही रेलगाडी ढिलो कुदिरहेको छ । रेलवे स्टेशनमा यात्रीहरूलाई ढिलाई र रद्दीकरण बारे लगातार सूचित गरिरहेको छ। शम्भु र खनौरी नाकामा किसानले गत फागुनदेखि नै आन्दोलन गर्दै आएका छन् । सुरक्षा बलले सुरक्षाको कारण देखाउँदै दिल्लीतर्फको यात्रा रोकेका थिए । वरिष्ठ प्रहरी अधिकारीहरूले किसान नेता श्री जगजीत सिंह डल्लेवालसँग वार्ता गरिरहेका छन्।

**हकी इण्डिया लीग**

हकी इण्डिया लीगमा यूपी रूद्राजको मुकाबला आज राउरकेला-को **बिरसा मुण्डा** हकी स्टेडियममा वेदान्ता Kalinga Lancers **संग** हुनेछ । यो म्याच राती सवा आठ बजी देखी खेलिनेछ । सूरमा हकी क्लबले हिजो बेलुकी  रेगुलर टाइममा स्कोर एक-एकको बराबरीमा रहे पछि पेनल्टी **शूटआउटमा** Tamil Nadu Dragons लाई चार-एकले हराएको छ । यस अघि हिजो Shrachi **राढ** Bengal Tigers - ले **हैदराबाद तूफान्सलाई** तीन-दुईले हराएको छ।

मुख्य समाचार फेरी एकपल्ट

- प्रधानमन्त्रीले अमरीकाका पूर्व राष्ट्रपतिको निधनमा व्यक्त गर्नुभयो शोक
- भारतले  पहिलो पल्ट विश्व श्रव्य- दृश्य मनोरञ्जन शिखर सम्मेलन – **वेव्सको** गर्नेछ आयोजना
- केन्द्रिय गृहमन्त्री श्री अमित शाह गुजरातको दुई दिने यात्रामा
- केन्द्रीय वितत मन्त्रीले आगामी आम बजेटको पाँचौं बजेट पूर्व परामर्श बैठकको गर्नुभयो अध्यक्षता ,अनि
- दक्षिण कोरिया विमान दुर्घटनामा, एक सय  उनासी जनाको मृत्यु भएको पुष्टि